नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سـفـارة نيـبـال
دولة الكويت

## विद्युतीय राहदानी (e-passport) जारी हुने बारे जरुरी सूचना

नेपाली राजदूतावास, कुवेतबाट यस अघि जारी हुदै आएको यन्त्रवाचक राहदानी (MRP) लाई प्रतिस्थापन गर्दै यही मिति २०७८।११।०८ (तदनुसार २० फेब्रुअरी २०२२) का दिन देखि विद्युतीय राहदानी जारी गर्नका लागि नियमित आवेदन लिने कार्य शुरु हुन गईरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। नयाँ प्रविधिमा आधारित भई पहिलो पटक शुरु हुन लागेकोले चाप व्यवस्थापनका लागि अर्को सूचना प्रकाशित नभए सम्मका लागि अति जरुरी पर्ने महानुभावहरुले मात्रै अग्रिम रुपमा समय लिएर (with appointment) उपस्थित हुन अनुरोध छ ।

ध्यान दिनुपर्ने कुराहरु :-

१। विद्युतीय राहदानीका लागि आवश्यक कागजात तथा दस्तुर सहित **सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ** ।

२) दूतावासमा आउनु अघि https://emrtds.nepalpassport.gov.np बाट रीतपूर्वक दरखास्त फाराम भरी डाउनलोड तथा प्रिन्ट गरेर ल्याउंदा समयको बचत हुनुका साथै त्यसरी आउनेले लामो प्रतिक्षामा बस्नु नपर्ने तथा सीधै पालो आउन सक्ने भएकोले सकेसम्म सो लिई आउन अनुरोध गरिएको छ ।

आवश्यक कागजातहरु :-

१) हालको राहदानी (सक्कल तथा एक प्रति फोटोकपी)

२) कुवेती सिभिल आइडी (सक्कल तथा एक प्रति फोटोकपी)

३) नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी

४) नाबालकको हकमा :-

क) स्थानीय कुवेती निकायले जारी गरेको र परराष्ट्र मन्त्रालय तथा यस दूतावासले प्रमाणित गरेको जन्मदर्ता प्रमाणपत्रको सक्कल तथा एक प्रति फोटोकपी ।

ख) नाबालकको माता पिताको राहदानी, नेपाली नागरिकता र कुवेती सिभिल आइडीका फोटोकपीहरु ।

ग) नाबालकको मातापिताको विवाहदर्ताको प्रमाणपत्रको सक्कल तथा फोटोकपी ।

५) राहदानी दस्तुर :

क)३४ पानाको साधारण राहदानीको १६ कुवेती दिनार

ख) ६६ पानाको साधारण राहदानीको ३२ कुवेती दिनार

ग) हराएको, च्यातिएको, भिजेको, जलेको वा केरमेट भएकाको हकमा माथि उल्लेखित दस्तूरको दोब्बर ।

घ) नाबालकको हकमा माथि उल्लेखित दस्तूरको आधा ।

६) सम्पर्क :- राजदूतावासको हटलाइन नं. ९८८६९१२१ तथा इमेल: eonkuwait@mofa.gov.np

मिति :- २०७८।११।०७ (१९ फेब्रुअरी २०२२)

Jabriya, Block No. 8, Street No. 13, Building No. 514, Tel.: 25321603/ 4 / 5, Fax: 25321601/ 628 الجابرية قطعة رقم ٨، شارع رقم ١٣، مبنى رقم ٥١٤، تلفون ٢٥٣٢١٦٠٣/٤/٥، فاكس ٢٥٣٢١٦٠١ / ٦٢٨
Email : eonkuwait@mofa.gov.np Website : www.mofa.gov.np/kuwait

Scanned with CamScanner

नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سفارة نيبال
دولة الكويت

## प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, कुवेतबाट मिति २०७८।११।०५ (तदनुसार फेब्रुअरी १७, २०२२) देखि विद्युतीय राहदानी उत्पादनको लागि लाईभ इन्रोलमेन्ट गर्ने कार्यको विधिवत शुरुवात गरिएको छ।

यस सम्बन्धी थप सूचना तथा जानकारीहरु यस दूतावासको फेसबुक पेज तथा वेबसाइटबाट पनि प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

नेपाली राजदूतावास

कुवेत सिटी।

२०७८।११।०७

(१९ फेब्रुअरी २०२२)

Jabriya, Block No. 8, Street No. 13, Building No. 514, Tel.: 25321603/ 4 / 5, Fax: 25321601/ 628 الجابرية قطعة رقم ٨، شارع رقم ١٣، مبنى رقم ٥١٤، تلفون ٢٥٣٢١٦٠٣/٤/٥، فاكس ٢٥٣٢١٦٠١ / ٦٢٨
Email : eonkuwait@mofa.gov.np Website : www.mofa.gov.np/kuwait

Scanned with CamScanner